# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
# आठौं बैठक

आज मिति २०७४।०९।२८ गते शुक्रबार बिहान ११:०० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको आठौं बैठक नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

उपस्थिति

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष- १

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष- २

श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष- ३

श्री भोज ब. खत्री, वडाध्यक्ष- ४

श्री मोहित चौधरी, वडाध्यक्ष- ५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष- ६

श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष- ७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष- ८

श्री प्रभु नाथ प्रसाद चौधरी, वडाध्यक्ष- ९

श्री सरोज कुमार राउत, वडाध्यक्ष- १०

श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष- ११

श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष- १२

श्री राजेन्द्र प्रसाद सिहँ थारु, वडाध्यक्ष- १३

श्री रामशरण बर्तौला, वडाध्यक्ष- १४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

Scanned by CamScanner

श्री केदार नाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, निर्वाचित सदस्य

श्री रामदुलारी चौधरी, निर्वाचित सदस्य

श्री सुन्दर बहादुर सुनार, निर्वाचित सदस्य

श्री श्याम सुन्दर पासवान, निर्वाचित सदस्य

श्री राजकुमार महरा, निर्वाचित सदस्य

श्री अनिता देवी चौधरी, निर्वाचित सदस्य

श्री सुभद्रा न्यौपाने, निर्वाचित सदस्य

श्री कमल चौधरी, निर्वाचित सदस्य

श्री राम कृष्ण उप्रेती - सचिव

**अन्य उपस्थिती**

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री राम नरेश यादव, ईन्जिनियर

श्री वीरेन्द्र वाईबा, ना.सु.

Scanned by CamScanner

छलफलका विषयहरु:

१. कार्यप्रगती विवरण सम्बन्धमा ।
२. योजना सञ्चालन सम्वन्धमा ।
३. हाटवजार कर ठेक्का सम्वन्धमा ।
४. स्वास्थ्य सेवा सम्वन्धमा ।
५. न्यायिक समिति गठन सम्वन्धमा ।
६. सार्वजनिक तथा ऐलानी जग्गा व्यवस्थापन सम्वन्धमा ।
७. विविध ।

निर्णयहरु:

**निर्णय नं (१):** प्रस्ताव नं. १ सम्वन्धमा नगरप्रमुख श्री डा.कृष्ण पौडेल र प्रमुख प्रशासकीय अधिकृत श्री रामकृष्ण उप्रेतीबाट उपमहानगरका समग्र गतिविधि र प्रशासनिक कामको प्रगती विवरण प्रस्तुत भयो ।

**निर्णय नं.(२)** प्रस्ताव नं. २ सम्वन्धमा चालु आ.व.मा संचालन गरिने योजनाहरुको दिगो विकास, गुणस्तरीयता र पारदर्शिताको लागि जनसहभागीतालाई पहिलो प्राथमिकतामा राखी उपभोक्ता समिति मार्फत काम गर्ने, यसरी काम हुने योजनामा नगरसभाबाट विनियोजित रकमलाई शतप्रतिशत मानि थप १० प्रतिशत नगद सहभागिता र १० प्रतिशत श्रम सहभागिता जुटाउने र यो परिमार्जित नितिलाई आगामी नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो । साथै वडा स्तरिय योजनाहरु मध्ये उ.स.बाट कार्यान्वयन नहुने योजनाहरुलाई वडा समितिको सिफारीस भई आएमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद प्रकृया अगाडी बढाउने र सो प्रकृयामा विनियोजित वजेटमा घटेर काम भएमा बाँकी रहने रकम वडा समितिको सिफारिसमा सोही योजनामा थप गर्ने वा अन्य योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं (३):** प्रस्ताव नं.३ सम्वन्धमा यस उपमहानगरपालिकाको आन्तरिक आय बृद्धि गर्ने सन्दर्भमा मिति २०७४/०९/२४ गते बसेको राजश्व परामर्श समितिको बैठकबाट चालु आ.व.को बाँकी रहेको समयावधीको लागि यस उपमहानगर क्षेत्र भित्र लाग्ने हाट बजार तथा सरसफाई कर असुलीका लागि ठेक्का बन्दोवस्ती प्रकृया अगाडी बढाउन गरिएको निर्णयलाई अनुमोदन गर्ने र तपसिल बमोजिमको दर रेट र न्यूनतम कबोल अंक कायम गर्ने निर्णय गरियो । साथै आन्तरिक आयका सम्भावित अन्य क्षेत्रहरु पहिचान गरी आन्तरिक आय बृद्धि गर्न राजश्व परामर्श समिति मार्फत प्रकृया अघि बढाउने निर्णय गरियो ।

तपसिल :

क) अस्थाई हाट बजार वा घुम्ती पसलहरुमा उठाईने कर, बजार क्षेत्र- जीतपुर हाट बजार क्षेत्र, न्यूनतम कबोल अंक रु.५,००,०००।- (पाँच लाख मात्र)

ख) अस्थाई हाट बजार वा घुम्ती पसलहरुमा उठाईने कर, बजार क्षेत्र- सिमरा हाट बजार क्षेत्र, न्यूनतम कबोल अंक रु.१,२५,०००।- (एक लाख पच्चीस हजार मात्र)

Scanned by CamScanner

ग) अस्थाई हाट बजार वा घुम्ती पसलहरुमा उठाईने कर, बजार क्षेत्र- डुमरवाना हाट बजार क्षेत्र, न्यूनतम कबोल अंक रु.१२,०००।- (बाह्र हजार मात्र)

घ) अस्थाई हाट बजार वा घुम्ती पसलहरुमा उठाईने कर, बजार क्षेत्र- फत्तेपुर हाट बजार क्षेत्र, न्यूनतम कबोल अंक रु.७,५००।- (सात हजार पाँच सय मात्र)

ङ) नगर क्षेत्र भित्र फोहरमैला व्यवस्थापन बापत उठाईने कर, बजार क्षेत्र- अमलेखगंज क्षेत्र, न्यूनतम कबोल अंक रु.५,००,०००।- (पाँच लाख मात्र)

**अमलेखगंज क्षेत्रमा फोहरमैला व्यवस्थापन बापत उठाईने करका दरहरु यस प्रकार रहने छ :**

| सि.नं. | शिर्षक | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | पेट्रोलियम पदार्थ प्रति टैंकर | ७५।- | |
| २ | पिच प्रति ट्रक/ट्रेक्टर प्रति टिप | १००।-/५०।- | |
| ३ | मोबिल प्रति ड्रम | २।- | |
| ४ | मोबिल प्रति कार्टुन | २।- | |
| ५ | पेल | १।५० | |
| ६ | मल प्रति ट्रक | १००।- | |
| ७ | क्वायल प्रति ट्रक | १००।- | |
| ८ | बिजुलीको पोल प्रति ट्रक | १००।- | |
| ९ | सिलौटा प्रति गोटा | १।- | |
| १० | राँगा प्रति गोटा | १०। | |
| ११ | खसी,बोकाको छाला प्रति गोटा | ५। | |
| १२ | केरा प्रति बोरा/प्रति डोका | ३।-/२।- | |
| १३ | राँगा,भैसी,गोरु प्रति गोटा | २०।- | |
| १४ | खसी,बोका,बाखा,सुंगुर,बंगुर प्रति गोटा | ५।- | |
| १५ | बाबियो प्रति ट्रक | १००।- | |
| १६ | ग्याँस सिलिण्डर प्रति ट्रक(४००) | १५०।- | |
| १७ | ग्याँस सिलिण्डर प्रति ट्रक(६००) | १७५।- | |
| १८ | ग्रिस प्रति कार्टुन | ५०।- | |
| | **बन पैदावार** | | |
| १९ | बोराबन्दी बालुवा/बोरीङ्ग तथा अन्य प्रति बोरा | १।- | |
| २० | सालको काठ प्रति क्यू.फि. | १०-। | |
| २१ | कुकाठ प्रति क्यू.फि. | ५।- | |
| २२ | खयर खैरा प्रति किलो | २।- | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| २३ | दाउरा प्रति ट्रक | ५००।- | |
| २४ | दाउरा प्रति ट्रयाक्टर | २००।- | |

**निर्णय नं (४):** प्रस्ताव नं. ४ सम्वन्धमा :

(क) यस उपमहानगरपालिकामा जिल्ला जनस्वास्थ कार्यालय बारा मार्फत संचालन हुने स्वास्थ्य प्रवर्द्धन केन्द्र डुमरवाना क्षेत्रमा र उपमहानगरको स्वास्थ्य शाखा मार्फत संचालन हुने बाहय खोप क्लिनिक वडा नं.२२ चकरीमा र वडा नं.२३ भलुहीमा संचालन गर्ने निर्णय गरियो ।

(ख) यस उपमहानगरपालिकाको वडा नं.१ पथलैयामा लामो समय देखि मध्य क्षेत्रिय स्वास्थ्य तालिम केन्द्रको खाली रहेको भवनमा राजमार्ग सामुदायिक अस्पताल स्थापनाका लागि समुदायले गरिरहेको प्रयासलाई कार्यान्वयन गर्न सम्वन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

(ग) नेपाली सेनासंगको सहकार्यमा वडा नं.८ मा अत्याधुनिक सर्पदंश उपचार केन्द्र स्थापना गर्न पहल गर्ने निर्णय गरियो ।

(घ) उपमहानगरपालिकाको कार्यालय स्वास्थ्य शाखाले ३ जना अ.न.मी. र १० जना कार्यालय सहयोगी करारमा नियुक्ति प्रकृया अगाडी बढाउने विषय जानकारी गराईयो ।

**निर्णय नं. (५)** प्रस्ताव नं. ५ सम्बन्धमा यस जीतपुरसिमरा उपमहानगरपालिकामा [illegible] उप प्रमुखज्यूको संयोजकत्वमा बन्ने ३ सदस्यीय न्यायिक समिति गठनको लागि आगामी फागुन १२ गते निर्वाचन मिति तय हुने गरी तपसिल बमोजिमको निर्वाचन समिति गठन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत- संयोजक
कानुनी सल्लाहकार- सदस्य
प्रशासन शाखा प्रमुख- सदस्य

**निर्णय नं. (६)** प्रस्ताव नं. ६ सम्वन्धमा यस उपमहानगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक, ऐलानी जग्गाहरुको पहिचान र संरक्षण गर्नुका साथै अब्यवस्थित बसोबास समेतको एकिन गरी नेपाल सरकार र सम्वन्धित निकाय मार्फत ब्यवस्थापन गर्नु पर्ने देखिएको छ । सो कामको सन्दर्भमा कार्यपालिकालाई सहजीकरणका लागि वातावरण तथा बिपत ब्यवस्थापन समिति अन्तर्गत तपसिल बमोजिमको ७ सदस्यीय भूमि ब्यवस्थापन कार्यदल गठन गर्ने निर्णय गरियो ।

सुन्दर ब. सुनार- संयोजक
हिरा ब. गुरुङ्ग- सदस्य
कैमुद्दिन अन्सारी- सदस्य
सरोज कुमार राउत- सदस्य
रसुल मिया- सदस्य
असलम देवान- सदस्य
कमल चौधरी- सदस्य
प्रशासन शाखा प्रमुख- सदस्य सचिव

Scanned by CamScanner

साथै, सो सम्वन्धमा यथार्थ विवरण एकिन गरी १५ दिन भित्र उपमहानरपालिकामा पठाउन वातावरण तथा विपत व्यवस्थापन समितिको निर्णय अनुसार सबै वडा कार्यालयहरुमा पत्राचार गरिएको जानकारी गराईयो ।

**निर्णय नं. ७ विविध (क)** यस उपमहानगरपालिका क्षेत्रमा उ.म.न.पा. र उ.स.बिच ५०-५० प्रतिशतको सहभागीतामा पूर्वाधारजन्य क्षेत्र पक्की सडक र पक्की नालामा न्यूनतम लागत रु.५ लाख हुनु पर्ने गरी लागत सहभागिताको योजना संचालन गर्ने समपुरक कोषबाट रु.१ करोड विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ (ख)** यस उपमहानगरपालिकाको पथलैया स्थित राजश्व चेकिङ्ग प्वाईन्टको रोड पूर्व तर्फ ट्रक पार्किङ्ग, कान्जीहाउस र सार्वजनिक शौचालय समेतको ब्यवस्थापन गर्न जिल्ला वन कार्यालय संग सहमतीका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ (ग)** यस उपमहानगरपालिकाको मातहत रहेका पुरानो एम्बुलेन्सहरुको अवस्था एकिन गरी कार्यालयमा संकलन गर्ने, मर्मत गरी प्रयोगमा आउने भए मर्मत गरी संचालन गर्ने र मर्मत नहुने खालका भए प्रकृया पुर्‍याई लिलामी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ (घ)** यस उपमहानगरपालिका अन्तर्गत ठेक्का बन्दोवस्ती भई संचालनमा रहेको राँगा बजारको ठेक्कालाई ब्यवस्थित गर्न सम्बन्धित ठेकेदार पक्ष समेतलाई राजश्व परामर्श समितिको बैठकमा बोलाई छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ (ङ)** यस उपमहानगरपालिकाका तपसिल अनुसारको वडा कार्यालय संचालनमा रहेका भवनहरुमा शौचालय निर्माण तथा मर्मत गर्ने निर्णय गरियो ।

क) वडा नं. ५ र १३ नयाँ निर्माण

ख) वडा नं. १० र १५ मर्मत

साथै कृषि सेवा शाखा संचालनमा रहेको कृषि उपकेन्द्र सिमरामा शौचालय र खानेपानी धाराको ब्यवस्थापन गर्ने निर्णय गरियो । साथै उपरोक्त अनुसारको निर्माण कार्यको लागि आवश्यक वजेट खानेपानी तथा सरसफाई शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ (च)** यस उपमहानगरपालिकाको लागि १ जना सूचना प्रविधि अधिकृत पदको लागि भएको विज्ञापनको छनौट समितिमा लोक सेवा आयोग हेटौडाबाट १ जना प्रतिनिधि थप माग गर्ने र प्रकृया अगाढी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७ (छ)** उपमहानगरपालिका कार्यालयको बैंक खाता जीतपुर स्थित नेपाल बैंक लि.मा संचालनको लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७ (ज)** यस उपमहानगरपालिकामा बसोबास गर्ने मुटु, किड्नी, क्यान्सर मष्तिष्कघात जस्ता गम्भीर प्रकृतिका रोगबाट पिडित बिमारीहरुको उपचारमा टेवा पुगोस भन्ने अभिप्रायले एक पटक रु.५ हजार औषधी उपचारमा सहयोग दिने निर्णय गरियो । यस प्रकारको सहयोगका लागि वडा कार्यालयको सिफारिस र सरकारी सुविधा प्राप्त गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

Scanned by CamScanner

**निर्णय नं. ७ (झ)** यस उपमहानगरपालिकामा अधिकांश जनता कृषि पेशामा निर्भर रहेको तर कृषि सिंचाईको अभावले उत्पादनमा कमी हुने हुँदा भूमिगत सिंचाईको लागि १०० थान मेशिन ड्रिल ट्यूवेल र १०० थान म्यानुअल स्यालो ट्यूववेल माग गर्न सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।

**नर्णय नं. ७ (ञ)** यस उपमहानगरपालिका निर्माण भईरहेको माथिल्लो तल्लाको कार्यालय भवनमा वर्तमान अवस्थामा जनप्रतिनिधिहरुको उपस्थिति पश्चात कार्य कक्षको अभाव देखिएको हुँदा सोलाई परिवर्तन गरी निर्माण गर्नु पर्ने भएकोले साविकमा ठेकका बन्दोबस्त भएकोमा कार्यालयबाट पेश भएको संसोधित लागत अनुमान अनुसारको भेरियसन रकम भ्याट सहित रु.२,४२,५२२।४१ (१३%) स्वीकृत गर्ने निर्णय गरियो । साथै सो कार्य गर्नका लागि आवश्यक बिद्युतिय कार्यको ल.ई.रु.४,९१,३९३।८० को निर्माण कार्य तत्काल अगाडी बढाउने र साविकको ल.ई.मा नभएको तर हालको आवश्यक्ता अनुसार थप गर्नु पर्ने निर्माण कार्यको ल.ई.रकम रु.१९,९८,३६३।६४ को निर्माण कार्य शिलबन्दी टेण्डर प्रकृयाबाट अगाडी बढाउने निर्णय गरियो । उपरोक्त कामको लागि थप भएको रकम चालु आ.व.को लागि भवन निर्माण शिर्षकमा विनियोजित रकमबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ (ट)** जीतपुर स्थित तरकारी बजार व्यवस्थापनको लागि निर्माण भईरहेको सेडको उपभोक्ता समितिसंगको सम्झौताको म्याद समाप्त भएको हुँदा २०७४ माघ मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ (ठ)** हालैका दिनमा बढीरहेको चिसो र शितलहरका कारण जनजिवन प्रभावित भएको हुदा नगर क्षेत्र लगायत अन्य स्थानहरुमा कार्यरत संघ-संस्थाहरुलाई शितलहरका कारण बढीरहेको जाडो व्यवस्थापनमा आवश्यक सहयोग माँग गर्ने र यस उपमहानगरपालिकाबाट सार्वजनिक स्थानहरुमा अधिकतम आगो बाल्न दाउरा बितरणको प्रवन्ध मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ७ (ड)** नेपाल नगरपालिका संघको प्रदेश स्तरीय भेला यस जीतपुरसिमरा उपमहानगर भित्र भएमा आयोजना र व्यवस्थापनमा सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ (ढ)** यस उपमहानगरपालिकामा करार सेवा तथा परामर्श सेवा मार्फत कार्यरत तपसिलका कर्मचारीहरुको सेवा म्याद समाप्त भएको र हालसम्म निजहरुले अटुट रुपमा कामकाज गर्दै आएको मौजुदा अवस्था र कार्यालयको कार्य बोझ एवं कामको प्रकृति समेतलाई विचार गरी निजहरुको सेवाको आवश्यक्ता भएको हुँदा बिगतमा खाईपाई आईरहेको सेवा सुविधा सर्मथन गर्दै निजहरुको तपसिल बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

<u>तपसील</u>

| **परामर्श सेवा बापत सेवा करार म्याद थप गरिएकाहरु :** | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **नाम, थर** | **पद/तह** | **म्याद समाप्त मिति** | **म्याद थप हुने मिति** |
| १ | संजीव रुपाखेती | ईन्जिनियर(छैठौ) | २०७४ पौष मसान्त | **२०७५ आषाढ मसान्त सम्म** |
| २ | ललित किशोर ललित | ईन्जिनियर(छैठौ) | | |
| **करार सेवा म्याद थप गरिएकाहरु :** | | | | |
| १ | नेजामुल हक अन्सारी | कम्पुटर अपरेटर (पाँचौ) | | |
| २ | नवराज ढुङ्गेल | खरिदार(चौथो) | | |
| ३ | नरेन्द्र कुमार चौधरी | खरिदार(चौथो) | | |
| ४ | रन्जित कुमार कुम्हाल | अमिन (चौथो) | | |
| ५ | नरेश प्रसाद कश्वाहा | अमिन (चौथो) | | |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| ६ | मनोज कुमार ~~यादव~~ | अमिन (चौथो) | २०७४ पौष मसान्त | **२०७५ आषाढ मसान्त सम्म** |
| ७ | अनिल बि.क. | कम्पुटर अपरेटर | | |
| ८ | मातृका पौडेल | दमकल चालक | | |
| ९ | जित बहादुर आले | ट्रेक्टर चालक | | |
| १० | सन्तु लाल चौधरी | ,, | | |
| ११ | दिनदयाल ठाकुर | ,, | | |
| १२ | जयशंकर राउत अहिर | कार्यालय सहयोगी | | |
| १३ | विष्णु प्रसाद अधिकारी | कार्यालय सहयोगी | | |
| १४ | सोनिका बानिया | कायालय सहयोगी | २०७४ मंसीर मसान्त | |
| १५ | फुलमाया रुम्वा | कार्यालय सहयोगी | | |
| १६ | सन्त बहादुर वाईवा | कार्यालय सहयोगी | २०७४ कार्तिक मसान्त | |
| १७ | रबिन्द्र राम | स.ले.पा.(चौथो) | २०७४ आषाढ मसान्त | |
| १८ | मनोज यादव | कार्यालय सहयोगी | २०७४ आषाढ मसान्त | |

**निर्णय नं. ७ (ण)** जिल्ला समन्वय समितिको कार्यालय,बारामा करार सेवामा नियुक्ती भई जिल्ला कर्मचारी व्यवस्थापन समिति,बाराको मिति २०७४/०४/२७ गतेको निर्णय तथा जि.स.स.बाराको मिति २०७४/०४/३१ गतेको पत्रबाट यस जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालयमा मिति २०७४/०५/०१ गते देखि हाजिर भई कार्यरत रहेकोमा जि.स.स.बाराको मिति २०७४/०७/२८ र २०७४/०९/२४ गतेको पत्रबाट सहायक लोडर चालक सुरज महतोको करार अवधि २०७५ आषाढ मसान्त सम्म जि.स.स.बाट म्याद थप गरिएकोमा २०७४ मंसीर देखिको तलब भत्ता यस यस उपमहानगरपालिकाबाट व्यवस्थापन गर्ने र ना.सु.संजय कुमार महतो र अनिल कुमार मिश्रको करार सेवा २०७४ माघ १ देखि २०७५ आषाढ मसान्त सम्मको म्याद थप गरी तलब भत्ता उ.म.न.पा.बाट नै व्यवस्था गर्ने निर्णय गरियो ।

Scanned by CamScanner